आज मिति २०७६ साल आश्विन २९ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उप-सचिव | श्री नगेन्द्र प्रसाद रेग्मी | उपस्थित |
| का.वा. अध्यक्ष १३ | श्री एकराज तिवारी | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कञ्चन जि.सी. | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१. समपुरक अनुदान तथा विशेष अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२. वार्षिक योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.३. जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४. पर्यटन उपसमिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५. मादीनदी उपत्यका विकास सम्बन्धी गोष्ठी सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६. अपाङ्गता सम्बन्धी विविध कार्यक्रम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.७. सहायता रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८. साँस्कृतिक तथा खेलकूद कार्यक्रम सञ्चालानार्थ सहायता प्रदान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९. जग्गा दान लिने सम्बन्धमा ।
प्रस्ताव नं.१०. पञ्जिकरण व्यवस्थापनको लागि जनशक्ति छनौट गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११. नर्सरी सञ्चालनको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१२. दुग्ध सहकारी संघको कार्यक्रको लागि रकम सहायता सम्बन्धमा ।
प्रस्ताव नं.१३. पृथ्वी राजमार्गको नाला व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१४. हाते झोला सिलाई तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१५. वडा कार्यालय व्यास ११ को कोठा पाटेसन गर्ने सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा सङ्घीय सरकार/प्रदेश सरकारको समपुरक अनुदान तथा विशेष अनुदानमा आधारित योजना कार्यान्वयनको नीति र मापदण्ड बमोजिम यस नगरपालिकाको समेत लागत सहभागिता रहने गरी चालु आ.व.२०७६/०७७ का लागि देहाय बमोजिमका योजनाहरु छनौट गरी स्वीकृतिका लागि आयोजना प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नारेश्वर ताल बहुउद्देश्यीय योजना | व्यास १० | |
| २. | कमरेपानी साँदखोला खा.पा. योजना | व्यास १३ | |
| ३. | दमौली सेन्टर पार्क निर्माण | व्यास १० | |
| ४. | वडा कार्यालय भवन निर्माण योजना | व्यास १ | |
| ५. | वडा कार्यालय भवन निर्माण योजना | व्यास ९ | |
| ६. | छिर्कने-केशवटार सडक, स्तरोन्नति (नाला पिच समेत) | व्यास १२/१४ | |
| ७. | कालिका मार्ग | व्यास ७ र ८ | |
| ८. | खड्गकाली मार्ग | व्यास ११ | |

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको चालु आ.व.२०७६/०७७ को लागि पारित कार्यक्रमहरु यथा समयमा नै प्रभावकारी एवं गुणस्तरीय तवरले कार्यान्वयन गर्नको लागि बजेटको सिमाभित्र रही वार्षिक कार्य योजना तयार गरी सम्बन्धित समितिहरुबाट समेत निर्णय गराई पेश गर्न सम्पूर्ण शाखा/उपशाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यही २०७६/०८/२४ गते तदनुसार 10 Dec. 2019 मा पर्न गएको विश्व मानव अधिकार दिवसका दिनसम्म ८४ बर्ष पूरा भई ८५ वर्षमा टेक्ने जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने निर्णय गरियो । साथै उल्लेखित उमेरको मापदण्ड पुगेका जेष्ठ नागरिकहरुको विवरण उपलब्ध गराउन सम्पूर्ण वडा कार्यालयहरुलाई निर्देशन दिने र आवश्यक तयारीका लागि सम्मान कार्यक्रमको प्रस्ताव तयार गरी स्वीकृत गराई अन्य व्यवस्था मिलाउन सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको पत्र संख्या ०७६/०७७ च.नं.६७, मिति २०७६/०४/१९ को पत्रको व्यहोरा बमोजिम पर्यटन वर्ष २०१९-२०२२ को लागि नगर प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमको पर्यटन उप-समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने | – संयोजक |
| उप-प्रमुख श्री मिरा जोशी | – सदस्य |
| वडा अध्यक्ष श्री निर बहादुर खड्का | – सदस्य |
| वडा अध्यक्ष श्री मोहन कुमार श्रेष्ठ | – सदस्य |
| वडा अध्यक्ष श्री ओजराज पौडेल | – सदस्य |
| पर्यटन व्यवसायी श्री आशा दरै | – सदस्य |
| पर्यटन व्यवसायी श्री ध्रुव पण्डित | – सदस्य |
| पर्यटन व्यवसायी श्री बसुन्धरा घर्ती | – सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत श्री दिनेश राज पन्त | – सदस्य-सचिव |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र बहाव क्षेत्र बनाई बगिरहेको मादिनदीको उपत्यकालाई विकास गरी बहुआयामिक एवं दिगो स्रोतको रुपमा यसको प्रवर्द्धन गर्ने उद्देश्यका साथ यही २०७६/०७/०७ गतेका दिन सम्बन्धित क्षेत्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय विशेषज्ञ टोली लगायत स्थानीय सरोकारवालाहरुको सहभागिता रहने गरी एक दिवसीय गोष्ठी सञ्चालन गरी गुरु योजना तयार गर्न आवश्यक पर्ने कार्यविवरण (TOR) तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र बसोवास गर्ने अपाङ्गता भएका नागरिकहरुको परिचय पत्र नवीकरण तथा नयाँ परिचय पत्र वितरण प्रक्रियालाई सहज गराउन तथा अपाङ्गता भएका नागरिक र नगरपालिका बीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने गरी रिसेड तनहुँले पेश गरेको प्रस्ताव अनुसार रू.१,००,०००।- (एक लाख रुपैंया) अपाङ्गता सम्बन्धी खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१२ निवासी लक्ष्मी रेग्मीका पति सवारी दुर्घटनामा परी उपचारार्थ अस्पतालमा भर्ना भई उपचार कै क्रममा निजको मृत्यु हुन गएको र निजको आर्थिक अवस्था कमजोर भएको व्यहोरा सहित सम्बन्धित वडा कार्यालयबाट उपचार तथा काजकिया खर्च वापत राहत उपलब्ध गराई दिनु भनी सिफारिस भई आएको हुँदा निजलाई रू.२५,०००।- (पच्चिस हजार रुपैंया) सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा विभिन्न खेलकूद तथा साँस्कृतिक कार्यक्रमहरु सञ्चालनको लागि आवेदन पेश गरेका देहाय बमोजिमका युवा क्लवहरुलाई तपसिल अनुसारको रकम कार्यक्रम सञ्चालानार्थ सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | क्लवको नाम | वडा नं. | रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | घाँसीकुवा युवा क्लव | १२ | २०,०००।- | साँस्कृतिक |
| २. | फ्रेण्डसिप युवा क्लव | ९ | २५,०००।- | खेलकुद |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा मध्ये स्थानीय स्तरको सर्वपक्षीय सहमति समेत जुटेको र सबैलाई पायक समेत पर्ने स्थानमा रहेको केही जग्गा साविक बैदी गा.वि.स. वडा नं.६ हाल देवघाट गाउँपालिका वडा नं.२ निवासी छविजङ्ग ठकुरीले यस नगरपालिकालाई दान दिन मञ्जुर गर्नु भएको हुँदा चलन चल्तीको मूल्य अनुसार प्रति आना रू.३,००,०००। (तीन लाख रुपैंयाँ) मूल्य कायम गरी निजको नाउँमा रहेको साविक

कर्लुङ्ग ६/ड हाल व्यास-१ चारकुने स्थित कि.नं.८७६ क्षेत्रफल ४-१४-०-२ भएको जग्गा मध्येबाट एकमुष्ठ रू.२४००,०००। (चौविस लाख रुपैंयाँ) मूल्य बराबरको ०-८-०-० क्षेत्रफल जग्गा दान लिने निर्णय गरियो । सो जग्गा पास गरी लिने क्रममा लाग्ने नियमानुसारको राजश्व नगरपालिकाले व्यहोर्ने र उक्त कार्य सम्पन्न गर्न यस कार्यालयका ना.सु. श्री कृष्ण प्रसाद पौडेललाई प्रतिनिधि तोकी पठाउने समेत निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा पञ्जिकरण विभागबाट प्रारम्भिक चरणको छनौट प्रक्रियाबाट छनौट भई आएका देहायका पद अनुसारका उम्मेदवारहरुको अन्तर्वार्ता यही २०७६ साल कार्तिक २४ गते यस कार्यालयमा हुने गरी सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

पदहरुः

(१) फिल्ड सहायक

(२) MIS अपरेसन असिष्टेन्ट

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँको पत्र संख्या ०७६/०७७ च.नं.६० मिति २०७६/०६/२८ को पत्रद्वारा माग भई आए अनुसार व्यास ३ अन्तर्गत मादी पुलभन्दा तलको जग्गामा नर्सरी सञ्चालन गर्ने गरी जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा केन्द्रीय दुग्ध सहकारी संघ लि. को २६ औं वार्षिक साधारण सभा दमौलीमा सम्पन्न गर्नको लागि आवश्यक रकम उपलब्ध गराई दिनु भनी श्री तनहुँ जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि. बाट लेखी आएअनुसार उक्त कार्यक्रम सञ्चालनको लागि रू.५०,०००। (पचास हजार रुपैंयाँ) कृषि सम्बन्धी खर्च शीर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं. २ र ४ अन्तर्गत भोर्लेटार चोक आसपास क्षेत्रको पृथ्वी राजमार्गको दायाँ-बायाँमा रहेका नालाहरु साथै आसपासका नालाहरु व्यवस्थापनको लागि प्राविधिकबाट तयार भएको रू.४,३३,०३१।९१ (चार लाख तेत्तीस हजार एकतीस रुपैंयाँ पैसा एकानब्वे) को लागत ईष्टिमेट स्वीकृत गरी सो रकमको २०% स्थानीय उपभोक्ताहरुले लागत सहभागिता व्यहोर्ने गरी योजना सञ्चालन गर्न विविध फुटकर शीर्षकबाट अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आगामी मंसिर १ गते देखि व्यास नगरलाई प्लाष्टिक निषेधित क्षेत्रको रुपमा घोषणा गर्न यस नगरपालिकाको निर्णय बमोजिम स्थानीय बजारमा काजग तथा कपडाका हाते झोलाहरुको सहज आपूर्तिको लागि स्थानीय उत्पादनलाई टेवा पुऱ्याउने गरी हाते झोला सिलाई सम्बन्धी तालिम दिनको लागि सम्बन्धित शाखासँग समन्वय गरी कार्यपालिकाका पाँचै जना महिला सदस्यहरुको टोलीलाई सो सम्बन्धी प्रस्ताव तयार गरी आगामी बैठकमा पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नं.४ को वडा कार्यालयको पार्टेसन गर्ने गरी प्राविधिक लागत अनुमान अनुसारको रकम रू.९०,५०५।१९ (नब्वे हजार पाँच सय पाँच रुपैंयाँ पैसा उन्नाइस) विविध फुटकर योजनाबाट भुक्तानी दिने गरी योजना सञ्चालन गर्ने निर्णय गरियो ।